बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति: २०८२/१२/२३ (सोमबार) | स्थान: बेसीशहर नगरपालिकाको सभाहल

बैठक संख्या: ७२ औं | समय : विहानः ८.३० बजे।

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ७२ औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

**उपस्थिति:**

| क्र सं | पद | | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख | गुमानसिंह अर्याल | |
| २ | उपाध्यक्ष | नगर उपप्रमुख | पद्मा गुरुङ | |
| ३ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | सुमन अधिकारी | |
| ४ | सदस्य | वडाध्यक्ष (वडा नं.१) | दुर्गा बहादुर बुढाथोकी | |
| ५ | सदस्य | वडाध्यक्ष (वडा नं.२) | मदन बहादुर राना | |
| ६ | सदस्य | वडाध्यक्ष (वडा नं.३) | चित्र बहादुर दनाई | |
| ७ | सदस्य | वडाध्यक्ष (वडा नं.४) | गम बहादुर गुरुङ | |
| ८ | सदस्य | वडाध्यक्ष (वडा नं.५) | इन्द्र बहादुर गुरुङ | |
| ९ | सदस्य | वडाध्यक्ष (वडा नं.६) | प्रकाश थापा | |
| १० | सदस्य | वडाध्यक्ष (वडा नं.७) | ऋषिराम बस्नेत | |
| ११ | सदस्य | वडाध्यक्ष (वडा नं.८) | पवित्रा थापा राना | |
| १२ | सदस्य | वडाध्यक्ष (वडा नं.९) | खुशीजङ गुरुङ | |
| १३ | सदस्य | वडाध्यक्ष (वडा नं.१०) | गंगा बहादुर थापा | |
| १४ | सदस्य | वडाध्यक्ष (वडा नं.११) | शिव प्रसाद जोशी | |
| १५ | सदस्य | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | |
| १६ | सदस्य | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | |
| १७ | सदस्य | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | |
| १८ | सदस्य | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | |
| १९ | सदस्य | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | |
| २० | सदस्य | कार्यपालिका सदस्य | सुकमाया घर्ती | |
| २१ | सदस्य | कार्यपालिका सदस्य | मनिता परियार | |
| | | **सहजकर्ता कर्मचारी** | | |
| १ | कार्यक्रम अधिकृत | | मेघेन्द्र पोखरेल | |
| २ | प्रशासकीय अधिकृत | | दिपेश अधिकारी | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/१२/२३ को बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**<u>नगर कार्यपालिकाको मिति २०८२/१२/२३ गतेको बैठकका प्रस्तावहरु</u>**

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।

२. चौमासिक खर्चको प्रगति विवरण सम्बन्धमा

३. प्रदेश समपुरक र विशेष अनुदानतर्फको आयोजना/कार्यक्रम प्रस्ताव सम्बन्धमा ।

४. स्वास्थ्य संस्था निर्माण सम्बन्धमा । (वडा नं १ सशर्त अनुदान रु. ३८ लाख )

५. युवा सीप विकास कार्यक्रमको सम्बन्धमा ।

६. जग्गा व्यवस्थापन सम्बन्धमा
- बसपार्क निर्माण
- प्रशासकीय भवन निर्माण
- सेनेटरी ल्याण्ड फिल्ड साइट सञ्चालन
- ७ नं वडा कार्यालय निर्माण

७. जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास कार्यक्रम सम्बन्धमा ।

८. परियोजना सञ्चालनको स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

९. सार्वजनिक सुनुवाई सम्बन्धमा ।

१०. आयोजना/कार्यक्रम परिमार्जन सम्बन्धमा ।

११. फुटकर कार्यक्रम/आयोजना सम्बन्धमा ।

१२. ज्येष्ठ लक्षित कार्यक्रमको सम्बन्धमा ।

१३. गरिव परिवार पहिचान तथा परिचयपत्र सम्बन्धमा

१४. विविध
- दोश्रो चौमासिक समीक्षा गोष्ठीमा उठेका सवालहरुको सम्बन्धमा ।
- झोलुङ्गे पुल निर्माण सम्बन्धमा ।
- सडक पुलको लागि जग्गा प्राप्ति सम्बन्धमा ।
- गरीवसंग विश्वेश्वर कार्यक्रमको सम्बन्धमा ।
- शिक्षा अधिकृतको स्थायी नियुक्ति अनुमोदन सम्बन्धमा ।
- वेतलबी प्रसुती विदा सम्बन्धमा ।
- पूर्व स्वीकृति सम्बन्धमा ।
- अधिकार प्रत्यायोजन सम्बन्धमा ।
- नव वर्ष २०८३ को शुभकामना सम्बन्धमा ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/१२/२३ को बैठक

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१ : अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा।**

मिति २०८२/११/३० गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो।

**निर्णय नं.२ : चौमासिक खर्चको प्रगति विवरण सम्बन्धमा ।**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(३) बमोजिम यस बेसीशहर नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को दोश्रो चौमासिक अवधी (२०८२ साउन १ गतेदेखि २०८२ फागुन मसान्तसम्म) मा भएको देहाय बमोजिमको चालु, पूँजीगत तथा समग्र खर्चको प्रगति विवरण यस बैठकमा पेश भयो साथै उक्त चौमासिक खर्च प्रगतिलाई अनुमोदन गर्ने निर्णय गरियो । (विस्तृत विवरण अनुसूचीमा संलग्न)

देहायः

१. प्रस्तावित वार्षिक आय बजेटः रु. ८१ करोड ५७ लाख २ हजार ९२७
२. वास्तविक आय रकमः रु.५२ करोड ४१ लाख १२ हजार ८९८ (६४.२५%)
३. कुल बार्षिक व्यय बजेटः रु.८१ करोड ५७ लाख २ हजार ९२७
३.१ चालु तर्फ विनियोजित बजेटः रु. ५५ करोड ८२ लाख ७ हजार ९२७
३.२ पूँजीगततर्फ विनियोजित बजेट रु. २५ करोड ७४ लाख ९५ हजार
४. कुल खर्च रकमः रु. ३० करोड २३ लाख ७ हजार ३६ (३७.०६%)
४.१ चालु खर्च रकमः रु. २५ करोड १९ लाख ४२ हजार १४९ (४५.१३%)
४.२ पूँजीगत खर्च रकम रु. : रु. ५ करोड ३ लाख ६४ हजार ८८७ (१९.५५%)

**निर्णय नं.३ : प्रदेश समपुरक र विशेष अनुदानतर्फको आयोजना/कार्यक्रम प्रस्ताव सम्बन्धमा ।**

गण्डकी प्रदेश सरकार, गण्डकी प्रदेश नीति तथा योजना आयोग, पोखराको च.नं १९०, मिति २०८२/१२/०४ को विशेष र समपुरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धी प्राप्त पत्रानुसार यस बेसीशहर नगरपालिकाबाट आगामी आर्थिक बर्ष २०८३/८४ को लागि विशेष र समपुरक अनुदानतर्फ देहायको आयोजना/कार्यक्रम छनौट गरिएको हुँदा प्रदेश सरकारले जारी गरेको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत (दोश्रो संशोधन) कार्यविधि २०८१" को अनुसूची-३ बमोजिमको ढाँचामा तोकिएको म्याद भित्र गण्डकी प्रदेश नीति तथा योजना आयोग पोखरामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

विशेष अनुदानतर्फः

(क) नाल्मा स्वास्थ्य चौकी भवन निर्माण, बेसीशहर नगरपालिका-५
(ख) प्रविधिमैत्री शिक्षण सिकाई कार्यक्रम, बेसीशहर नगरपालिका
(ग) मर्स्याङ्दी नदि तटबन्ध निर्माण, बेनपा-१ र २, गाइखुरे खोला देखि गैरी पुछार सम्म

समपुरक अनुदानतर्फः

(क) गाउँशहर-काउलेपानी-बाखेजगत सडक स्तरोन्नति बेसीशहर नगरपालिका ३ र ५
(ख) धुरपुरे-दिहीथोक-बिम्दा-बाखेजगत-नाल्मा सडक, बेसीशहर नगरपालिका-९ र ५
(ग) भकुण्डे-चिसापानी सडक स्तरोन्नति, बेसीशहर नगरपालिका-२
(घ)हरित सडक वैकल्पिक मार्ग वडा नं ७ र ९ जोड्ने सडक स्तरोन्नति, बेनपा-७ र ९

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/१२/२३ को बैठक

निर्णय नं: ४: स्वास्थ्य संस्था निर्माण सम्बन्धमा ।

चालु आ.व. २०८२/८३ मा संघीय सरकारबाट बजेट उपशीर्षक नम्बर ३७०००११६४ को एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत खर्च संकेत नं ३१११२ तर्फ बेसीशहर नगरपालिका वडा नं १ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणको लागि रु. ३८,००,०००/- (अठ्तीस लाख मात्र) बजेट प्राप्त भएको र यस सम्बन्धमा १ नं वडा कार्यालयको च.नं.७३०, मिति २०८२/१२/१७ को प्राप्त पत्रका सम्बन्धमा छलफल हुँदा सो पत्र समेतका आधारमा साविक उदिपुर गाविस वडा नं ८ मा उदिपुर स्वास्थ्य चौकीको नाममा मालपोत कार्यालय लमजुङमा श्रेस्ता दर्ता कायम रहेको कित्ता नं २२८ को ०-१२-०-० क्षेत्रफलको जग्गामा स्वास्थ्य केन्द्र भवन निर्माण प्रक्रिया अघि बढाउने साथै उक्त स्थानबाट आवधिक रुपमा स्वास्थ्य सेवा प्रवाहको लागि मौजुदा स्वास्थ्यकर्मीहरुबाट नै व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं: ५: युवा सीप विकास कार्यक्रमको सम्बन्धमा ।

बेसीशहर नगरपालिकाको चालु आ.व. २०८२/८३ को लागि स्वीकृत युवा सीपमूलक तालिम सञ्चालन कार्यक्रमतर्फ हलुका सवारी चालक तालिमको सम्बन्धमा प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ को आचारसंहिताको कारण तत्काल अघि बढाउन नसकिएकोमा हाल उक्त तालिम अघि बढाउने सन्दर्भमा मिति २०८२/०८/२४ को नगर कार्यपालिका बैठकबाट गठित छनौट समितिको निर्णय समेतका आधारमा मिति २०८२/०७/०५ को नगर कार्यपालिका बैठकको निर्णय नं ४ लाई संशोधन गरी ४० जनाको सट्टा आवश्यक देखिएका कुल ४७ जनालाई हलुका सवारी चालक तालिम उपलब्ध गराउने तथा अन्तर्राष्ट्रिय परिस्थितका कारण इन्धनमा भारी मूल्य बृद्धि भएकोले ४५ दिनको तालिमको लागि यस अघि प्रति सहभागी रु. २०,०००/- (बीस हजार मात्र) तोकिएकोमा उक्त रकमको सट्टा रु. २२,०००/- (बाइस हजार मात्र) कायम गरी तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं: ६: जग्गा व्यवस्थापन सम्बन्धमा ।

(क) बेसीशहर नगरपालिकाले बसपार्क निर्माण र व्यवस्थापनको लागि नगरपालिकाको नाममा जग्गा उपलब्ध हुनुपर्ने र जग्गा उपलब्ध हुन नसकेको कारण व्यवस्थित बसपार्क निर्माण गर्न नसकिएको हुँदा बेसीशहर नगरपालिका-८ दनाईंफाँटमा साविक पृथ्वी राजमार्ग बस सञ्चालक समिति प्रधान कार्यालय पोखरा र जनकल्याण वचत तथा ऋण सहकारी संस्था गाउँशहर को संयुक्त नाममा रहेको जग्गा बेसीशहर नगरपालिकाको नाममा हस्तान्तरण गर्न सम्बन्धित निकाय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

(ख) बेसीशहर नगरपालिकाको प्रशासकीय भवन निर्माण, ७ नं वडा कार्यालयको भवन निर्माण र सेनेटरी ल्याण्डफिल्ड साइट सञ्चालनार्थ बेसीशहर नगरपालिकालाई उपयुक्त जग्गाको आवश्यकता परिरहेको हुँदा जग्गा आवश्यकता सम्बन्धी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं: ७: जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास कार्यक्रम सम्बन्धमा ।

बेसीशहर नगरपालिकाले आ.व.२०८०/८१ मा तयार गरेको क्षमता विकास योजना अनुरुप चालु आ.व. २०८२/८३ मा जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि क्षमता अभिबृद्धि सम्बन्धी तालिम कार्यक्रम अघि बढाउने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं: ८: परियोजना सञ्चालनको स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

ग्रामिण सामुदायिक विकास केन्द्र नेपाल, बेसीशहरको च.नं. ०५४, मिति २०८२/१२/०९ को प्राप्त पत्र तथा पत्रसाथ संलग्न कागजातहरुको सम्बन्धमा छलफल हुँदा CCK कोरिया र वर्ल्ड भिजन ईन्टरनेशनल नेपालको आर्थिक र प्राविधिक सहयोगमा ग्रामिण सामुदायिक विकास केन्द्र नेपाल द्वारा यस बेसीशहर नगरपालिकामा सञ्चालन हुने

गुमानसिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/१२/२३ को बैठक

विद्यालयमा उत्थानशीलता तथा बालमैत्री सिकाई वातावरण विकास परियोजना (Resilience and Child Friendly Learning Environment in School Project) सञ्चालनको स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं: ९: सार्वजनिक सुनुवाई सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको दोस्रो चौमासिक अवधीको सार्वजनिक सुनुवाई २०८३ बैशाख १५ गते भित्र विशेष गरी वडा नं ४ र ५ का सेवाग्राही/बासिन्दाहरुलाई लक्षित गरी बेसीशहर नपा-५ बाखेजगतमा सञ्चालन गर्ने साथै यसको लागि नगरपालिकाको सेवा प्रवाहको गुणस्तर, प्रभावकारिता र सेवाग्राहीको सन्तुष्टि मापन गरी बहिर्गमन अभिमत प्रतिवेदन तथा सेवाग्राही नागरिकले नगरपालिकाबाट सेवा लिंदा प्रत्यक्ष अनुभव गरेका, भोगेका र देखेका कुराहरु उल्लेख गरी नागरिक प्रतिवेदन पत्र समेत तयार गर्ने गरी तेश्रो पक्षबाट सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालनको व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं १०: आयोजना/कार्यक्रम परिमार्जन तथा रकमान्तर सम्बन्धमा ।**

चालु आ.व. २०८२/८३ का लागि स्वीकृत भएका देहाय वमोजिमका नगरस्तरीय/वडास्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय वमोजिम परिमार्जन/स्पष्ट पारी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १.नाल्मा गाउँ होमस्टे पूर्वाधार विकास, खर्च संकेत नं २२७११ | ३ लाख | १.सुनकोट पर्यटन प्रवर्द्धन कार्यक्रम, बेनपा-५ | ३ लाख | ५ नं वडा कार्यालयको च.नं. ४४१ मिति २०८२/१२/१२ को पत्र समेतका आधारमा । |
| २.स्वास्थ्य अवलोकन भ्रमण, बेनपा-११,खर्च संकेत नं २२७११ | ८० हजार | २.१कर्मदा स्वास्थ्य समुह भाँडा खरिद, बेनपा-११ | ३० हजार | ११ नं वडा कार्यालयको च.नं. १३३०, मिति २०८२/१२/२२ को पत्र समेतका आधारमा । |
| | | २.२कोल्डाँडा समुह कुर्ची खरिद, बेनपा-११ | २० हजार | |
| | | २.३ तिनपिप्लेबाट विष्टगाउँ जोड्ने ट्र्याक निर्माण, बेनपा-११ | ३० हजार | |
| ३. २१. कृषक सहयोग कार्यक्रम, बेनपा-११ खर्च संकेत नं २२७११ | ८३ हजार | ३.बाखा खोर निर्माण/मर्मत, अमृत बहादुर थापा, बेनपा-११ बुढीकुवा (२०८२/९/२८ को का.पा. बैठकको नि.नं. ७/२१ प्रदीप बाबु तिवारीको सट्टा) | २० हजार | |
| ४.विविध, बेनपा-११, खर्च संकेत नं २२७११ | ३ लाख ४७ हजार | ४.4k Multiemedia program yatra samachar.com सहयोग | ५ हजार | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/१२/२३ को बैठक**

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| ५.युवा स्वरोजगार एवम् सीप विकास तालिम, बेनपा-४, खर्च संकेत नं २२५१२ | २ लाख | ५.१ चम्डिला सिंढी बाटो निर्माण, बेनपा-४(ग्याविन वाल लगाई अधुरो काम सम्पन्न गर्ने) | १ लाख | ४ नं वडा कार्यालयको च.नं. ३९४, मिति २०८२/१२/२२ को पत्र समेतका आधारमा । |
| | | ५.२ गणेश मिलन आमा समुह भवनको लागि ग्याविन जाली खरिद(ढुवानी समेत), बेनपा-४ | ६० हजार | |
| | | ५.३ टारी राइस मिल मर्मत, बेनपा-४ | २० हजार | |
| | | ५.४ वडा कार्यालयको फर्निचर खरिद, बेनपा-४ | २० हजार | |
| ६.नगरकपमा पोशाक खरिद, खाना खाजा खर्च, बेनपा-४, खर्च संकेत नं २२५२९ | १ लाख | ६.तुर्लुङकोट ऐतिहासिक फुटबल कपमा सहभागीको लागि विविध खर्च, बेनपा-४ | २० हजार | |
| ७.महिला स्वास्थ्य स्वयंसेविका क्षमता अभिबृद्धि, बेनपा-२, खर्च संकेत नं २२५१२ | १ लाख ५० हजार | ७. महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृद्धिको लागि अवलोकन भ्रमण, बेनपा-२ | १ लाख ५० हजार | २ नं वडा कार्यालयको च.नं. १२३५, मिति २०८२/१२/२२ को पत्र समेतका आधारमा । |
| ८.दलित लक्षित आर्थिक सशक्तिकरण कार्यक्रम, बेनपा-२ खर्च संकेत नं २२५१२ | २ लाख | ८.१ पञ्चे बाजा प्रशिक्षण, बेनपा-२ | १ लाख | |
| | | ८.२दलित जागरणको लागि कानूनी सचेतना कार्यक्रम, बेनपा-२ | ५० हजार | |
| ९.विविध फुटकर कार्यक्रम, बेनपा-२, खर्च संकेत नं २२७११ | २ लाख ११ हजार | ९.गैरी प्रहरी विट इन्टरनेट जडान, बेनपा-२ | १२ हजार | |
| १०.हिलेखोला पूल निर्माण, बेनपा-२,खर्च संकेत नं ३११५१ | १ लाख | १०.हिलेखोलामा ह्यूम पाइप राखि बाटो निर्माण, बेनपा-२ | १ लाख | |
| ११.फुटकर तथा विविध कार्यक्रम खर्च, बेनपा-१, खर्च संकेत नं २२७११ | ६ लाख ३० हजार | ११.१उजेली खोलामा पुल निर्माण,बेनपा-१ | २५ हजार | १ नं वडा कार्यालयको च.नं. ७४१, मिति २०८२/१२/२० को पत्र समेतका |
| | | ११.२ तेश्रो गोरक्ष कप, बेनपा-१ | ३५ हजार | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/१२/२३ को बैठक

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| | | ११.३ वडा कार्यालयको छाना मर्मत तथा शौचालय बाथरुम रंगरोगन, बेनपा-१ | २० हजार | आधारमा । |
| १२. फुटकर तथा विविध कार्यक्रम, बेनपा-३, खर्च संकेत नं २२७११ | ६ लाख ८ हजार | १२.१चन्दनीदेवी आमा समुह भवन स्तरोन्नति, बेनपा-३ | १ लाख १० हजार | ३ नं वडा कार्यालयको च.नं. ६४०, मिति २०८२/१२/२२ को पत्र समेतका आधारमा । |
| | | १२.२चैतेदशैं खेलकुँद तथा सांस्कृतिक कार्यक्रम, बेनपा-३ | ५० हजार | |
| | | १२.३ वडा कार्यालयको नवनिर्मित भवनमा विद्युत मिटरबक्स जडान, बेनपा-३ | ५ हजार ७ सय | |
| | | १२.४ रानीकुवा-गाउँशहर नाला सरसफाई, बेनपा-३ | १ लाख | |
| | | १२.५प्रदेश आयुर्वेद चिकित्सालय आउटरिच क्लिनिक फर्निचर खरिद, बेनपा-३ | ५० हजार | |
| १३.परियारटोल सिंढी निर्माण, बेनपा-३, खर्च संकेत नं ३११५१ | १ लाख | १३.परियार टोल चण्डी विजुली बत्ति जडान, बेनपा-३ | १ लाख | |
| १४.झप्री खड्कागाउँ सडक निर्माण, बेनपा-३, खर्च संकेत नं ३११५१ (नगरस्तरीय) | २ लाख | १४. कमलटारी झप्री गोरेटो बाटो निर्माण, बेनपा-३ | २ लाख | |
| १५.खेलकुँद, बेनपा-३, खर्च संकेत नं २२५२२ | २ लाख | १५.तिलाबारी खेलमैदान स्तरोन्नति, बेनपा-३ | ६० हजार | |
| १६.लेते आमा समुह भवन स्तरोन्नति योजना, बेनपा-१०, खर्च संकेत नं ३१११२ | ४ लाख | १६.न्यू लालीगुराँस आमा समुह भवन घेराबार तथा स्तरोन्नति, बेनपा-१० | ४ लाख | १० नं वडा कार्यालयको च.नं. १०३०, मिति २०८२/१२/२२ को पत्र समेतका आधारमा । |
| १७.विविध मागमा आधारित योजना तथा कार्यक्रम, बेनपा-१०, खर्च संकेत नं | ५लाख ७३ हजार | १७.१ बाँझाखेत स्वास्थ्य चौकी मिटिङहल ट्रस निर्माण, बेनपा-१० | २ लाख ७३ हजार | |
| | | १७.२वडा नं १० भित्र भएका पक्की नाली सरसफाई, बेनपा-१० | ५० हजार | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/१२/२३ को बैठक**

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १८.गाईखुरे झरना प्रवर्द्धन आयोजना, बेनपा-१ नगरस्तरीय | ९ लाख | १८.गाईखुरे खोला व्यवस्थापन, बेनपा-१ | ९ लाख | खोला व्यवस्थापन गर्न आवश्यक देखिएकोले । |
| १९.विविध(फुटकर खर्च) बेनपा-८, खर्च संकेत नं २२७११ | ३ लाख ५७ हजार | १९.१राधाकृष्ण मन्दिर मर्मत, बेनपा-८ | २० हजार | ८ नं वडा कार्यालयको च.नं. १०९०, मिति २०८२/१२/२२ को पत्र समेतका आधारमा । |
| | | १९.२ भिमसेनस्थानबाट न्यूइरा जानेबाटो तथा नाली मर्मत, बेनपा-८ | ७० हजार | |
| | | १९.३ स्वयंसेविका, कर्मचारी जनप्रतिनिधिहरुको क्षमता अभिबृद्धिका लागि अवलोकन भ्रमण, बेनपा-८ | ५० हजार | |
| २०.सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका, बेनपा-८, खर्च संकेत नं २२७११ | ५० हजार | २० स्वयंसेविका, कर्मचारी जनप्रतिनिधिहरुको क्षमता अभिबृद्धिका लागि अवलोकन भ्रमण, बेनपा-८ | ५० हजार | |
| २१.वडा फुटकर कार्यक्रम, बेनपा-६, खर्च संकेत नं २२७११ | २ लाख ११ हजार | २१.१स्वास्थ्य पोषण कार्यक्रम, बेनपा-६ | २५ हजार | ६ नं वडा कार्यालयको च.नं. ६२३, मिति २०८२/१२/२३ को पत्र समेतका आधारमा । |
| | | २१.२कोलबाटो गोरेटोबाटो निर्माण, बेनपा-६ | १२ हजार | |
| २२.स्वास्थ्य स्वयंसेविका अवलोकन भ्रमण, बेनपा-६, खर्च संकेत नं २२७११ | २ लाख | २२.१ स्वास्थ्य स्वयंसेविका अवलोकन भ्रमण, बेनपा-६, | १ लाख ५० हजार | |
| | | २२.२स्वास्थ्य पोषण कार्यक्रम बेनपा-६ | ५० हजार | |
| २३.चनौटे खानेपानी मर्मत, बेनपा-६, खर्च संकेत नं ३११५६ | १ लाख | २३.चनौटे शिवालय मन्दिर ट्रस भवन निर्माण, बेनपा-६ | १ लाख (थप) ३ लाख कायम भएको | |
| २४.विविध खर्च, बेनपा-४ खर्च संकेत नं २२७११ | २ लाख १७ हजार | २४.१ शवदाह स्थल निर्माण बेनपा-४ पिर्सिङ आर्यघाट (रंगरोगन गर्ने) | ५० हजार | ४ नं वडा कार्यालयको च.नं. ३९४, मिति |

[illegible] सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/१२/२३ को बैठक

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| | | २४.२पुरानोकोट गढी सरसफाई अभियान विविध खर्च, बेनपा-४ | ३० हजार | २०८२/१२/२२ को पत्र समेतका आधारमा । |

**निर्णय नं ११: फुटकर आयोजना तथा कार्यक्रम छनौट/अनुमोदन सम्बन्धमा ।**

समुदाय/टोल/बस्तीस्तरमा समस्या भई अति आवश्यक परेका/पर्ने तर बार्षिक कार्यक्रम/बजेट बनाउँदाका वखत समेटिन नसकेका आयोजना तथा कार्यक्रमहरुमा आवश्यक वजेट विनियोजन हुन विभिन्न समुदाय/समूह/संस्थावाट विपद लगायत तत्कालिन आवश्कयताका आधारमा नगरप्रमुख समक्ष माग निवेदन पत्र पेश भई नगरप्रमुखवाट तोकादेश भएका देहायका आयोजना/कार्यक्रम अनुमोदन गर्ने निर्णय गरियो ।

**देहायः**

| अनुमोदित आयोजना/कार्यक्रम | बजेट विनियोजित शिर्षक | खर्च संकेत नं | विनियोजित रु. |
|---|---|---|---|
| १.मिलनटोल गोरेटोबाटो सुधार, बेनपा-३ | फुटकर आयोजना तथा कार्यक्रमहरु | २२७११ | ५० हजार |
| २.मोटरबाटो मर्मत (तटबन्धन समेत) बेनपा-१०, बरबोटखोला | सडक मर्मत सम्भार कोष(ग्रामिण सडक मर्मत) | ३११५१ | ९० हजार |
| ३.नाली निर्माण, बेनपा-९, गंगा बहादुर खत्रीको घरदेखि खत्री चौतारासम्म | फुटकर आयोजना तथा कार्यक्रमहरु | २२७११ | ३० हजार |
| ४. श्री लक्ष्मी बालमन्दिर आधारभूत विद्यालय मर्मत सुधार, बेनपा-७ | फुटकर आयोजना तथा कार्यक्रमहरु | २२७११ | १ लाख (थप) |

**निर्णय नं १२: ज्येष्ठ नागरिक लक्षित कार्यक्रमको सम्बन्धमा ।**

चालु आ.व. २०८२/८३ को स्वीकृत ज्येष्ठ नागरिक लक्षित कार्यक्रमतर्फ निर्धारण गरिएका क्रियाकलापहरुको बजेट ब्रेकडाउन लगायत अन्य कार्यक्रम तय गर्ने जिम्मेवारी नगरस्तरीय ज्येष्ठ नागरिक मञ्चलाई प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं १३: गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण सम्बन्धमा**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत प्राप्त भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं. ५७, मिति २०८२/१२/०८ को पत्रानुसार सो मन्त्रालयाबाट नगरपालिकामा विगतमा प्राप्त राज्य सुविधा परिचय पत्रमध्ये स्थगित गर्नुपर्ने बाहेकको परिचय पत्र तत्काल वितरण गर्ने व्यवस्था मिलाउने भन्ने भए वमोजिम सम्वन्धित वडासंगको समन्वयमा स्थगित गर्नुपर्ने परियच पत्र छुटयाई वितरण प्रकिया शुरु गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४: दोश्रो चौमासिक समीक्षा गोष्ठीमा उठेका सवालहरुको सम्बन्धमा ।**

२०८२ चैत १८ गते सम्पन्न भएको बेसीशहर नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को दोश्रो चौमासिक प्रगति समीक्षा गोष्ठीमा उठेका सवालहरुको सम्बन्धमा छलफल भयो तथा जनप्रतिनिधि र कर्मचारीहरु विचको समन्वयलाई अझ वढी प्रभावकारी बनाई कार्यसम्पादन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५: झोलुङ्गे पुल निर्माण सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ११ स्थित बजरखुट्टा-चाम्बोटेका बासिन्दाहरुलाई जिल्ला सदरमुकाम, नगरपालिका केन्द्र तथा अन्य ठाउँहरुमा आवतजावत गर्नको लागि मर्स्याङ्दी नदिमा झोलुङ्गे पुलको आवश्यकता परेको हुँदा

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/१२/२३ को बैठक

स्थानीयबासी र सम्बन्धित वडाको सिफारिस समेतका आधारमा देहाय अनुसारको झोलुङ्गे पुल निर्माणको लागि नेपाल सरकार,शहरी विकास मन्त्रालय,स्थानीय पूर्वाधार विभाग, सस्पेन्सन बृज डिभिजन, श्रीमहल, पुल्चोक, ललितपुरमा सिफारिसका साथ अनुरोध गर्ने निर्णय गरियो ।

आयोजनाको नाम र ठेगाना:
मर्स्याङ्दी नदि झोलुङ्गे पुल निर्माण, बेसीशहर नगरपालिका वडा नं ११ बजरखुट्टा र वडा नं १ उदिपुर बालुवा ।

निर्णय नं.१६: सडक पुलको लागि जग्गा प्राप्ति सम्बन्धमा ।

गण्डकी प्रदेश सरकारको सहयोगमा बेसीशहर नगरपालिका वडा नं ६ र १० स्थित बेलौती विसौनामा मर्स्याङ्दी नदिमा मोटरेवल पुल निर्माण तथा सडक पुल पहुँचको लागि आवश्यक पर्ने जग्गा प्राप्तिको लागि सहजीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं.१७: गरीबसंग विश्वेश्वर कार्यक्रमतर्फको आयोजना/कार्यक्रम सम्बन्धमा ।

चालु आर्थिक वर्ष २०८२/८३ मा गरीबसंग विश्वेश्वर कार्यक्रम अन्तर्गत सशर्ततर्फ खर्च शिर्षक नं २६३३२ मा कार्यक्रम लागु भएका स्थानीय तहमा कार्यक्रम सञ्चालन खर्चको लागि प्राप्त भएको बजेटमध्येबाट बेसीशहर नगरपालिका वडा नं २ मा सम्बन्धित वडाको सिफारिस समेतका आधारमा देहायका आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

देहाय:

(क) माझगाउँ टोलको दलित बस्तीमा गोरेटो बाटो निर्माण र स्तरोन्नति बेनपा-२, रु. १,५०,०००/- (एक लाख पचास हजार मात्र )

निर्णय नं.१८: शिक्षा अधिकृतको स्थायी नियुक्ति अनुमोदन सम्बन्धमा ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बढुवा समितिको सचिवालय गण्डकी प्रदेशबाट यस नगरपालिकामा सिफारिस भई आएका शिक्षा अधिकृत (सातौं) श्री सुन्दर बहादुर खत्री क्षेत्रीको नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.१९: बेतलबी प्रसुती विदा सम्बन्धमा ।

गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०७९ तथा नियमावली, २०८० मा उल्लेख भएको व्यवस्था अनुसार देहायका कर्मचारीले माग गरेका तपसिल अनुसार बेतलबी प्रसुति विदा स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं | नाम थर | पद | विदा अवधि (मिति वि.सं.) | नियमावलीको नियम | कैफियत |
|---|---|---|---|---|---|
| १. | अनुपमा बस्नेत | अ.न.मी | २०८२/१२/१०देखि २०८३/०६/०९ सम्म (६महिना) | स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ११५ को उपनियम (२) बमोजिम | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/१२/२३ को बैठक

**निर्णय नं.२०: पूर्व स्वीकृति सम्बन्धमा ।**

यस नगरपालिकाका लेखा अधिकृत (सातौं) श्री सृजना पौडेलको माग निवेदन अनुसार Australia Awards छात्रवृत्ति अन्तर्गत स्नातकोत्तर वैदेशिक अध्ययनको आवेदन गर्नका लागि गण्डकी प्रदेश सरकार स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ९५ वमोजिम पूर्वस्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं.२१: अधिकार प्रत्यायोजन सम्बन्धमा ।**

गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८० को नियम १५२ को उपनियम (१) वमोजिम नगर कार्यपालिकामा निहित रहेका देहायका अधिकारहरु लगतै बस्ने कार्यपालिका बैठकबाट अनुमोदन गराउने गरी प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**देहायः**

(क)कर्मचारीको बिदा स्वीकृति दिने ( असाधारण विदा, बेतलबी विदा, अध्ययन विदा )

(ख)अध्ययनका लागि पूर्वस्वीकृति प्रदान गर्ने

(ग)स्वीकृत दरवन्दीभित्र अधिकृत तहको पदमा स्थायी नियुक्ति, बढुवा नियुक्ति गर्ने

**निर्णय नं.२२: नव वर्ष २०८३ को शुभकामना सम्बन्धमा ।**

नयाँ बर्ष २०८३ को पावन अवसरमा सम्पूर्ण नगरबासी साथै स्वदेश तथा विदेशमा रहेका समस्त नेपालीहरुमा सुस्वास्थ्य, सुखशान्ति र प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख